नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

वर्ष ४ | अंक २७७ | २०८३ साल भाद्र २७ गते शनिबार | Saturday 12, September 2026 | सूर्योदयः बिहान ०५:४७ बजे | सूर्यास्तः साँझ ०६:१२ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## बाघको आक्रमणबाट थारुको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जिराभवानी गाउँपालिका–२ काठमाडौँ टोलका ७० वर्षीय नथुनी मिर्दाहा थारूको बाघको आक्रमणबाट मृत्यु भएको छ । इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक सम्मुन्नत अधिकारीका अनुसार थारू बुधबार घरबाट घाँस काट्न जंगलतर्फ गएका थिए।

उनी रातिसम्म पनि घर नफर्किएपछि परिवार तथा आफन्तले खोजतलास सुरु गरेका थिए । खोजी गर्ने क्रममा सब–डिभिजन वन कार्यालय बसन्तपुरबाट करिब ५०० मिटर भित्र जंगलमा थारूको शव फेला परेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार उनको शव बाघको आक्रमणबाट मृत्यु भएको अवस्थामा फेला परेको हो।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार मृतक थारूको शव पोस्टमार्टमका लागि वीरगंजस्थित नारायणी अस्पतालमा पठाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### क्यासिनोमा नेपाली समातिएको प्रकरणः

## गाउँपालिका अध्यक्ष यादव र इन्सपेक्टर पौडेललाई थप चार दिन हिरासतको हावा




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष यसवन्त यादव र प्रहरी निरीक्षक प्रदीप पौडेलसहित पक्राउ परेका आठ जनामाथि अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालय पर्साले थप चार दिनको म्याद दिएको छ।

वीरगंजको गण्डकस्थित क्लार्क रिसोर्टमा सञ्चालित गोल्डेन फिगर क्यासिनोबाट नियन्त्रणमा लिइएका उनीहरूमाथि यसअघि पहिलो चरणमा ६ दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको थियो।

म्याद सकिएपछि थप अनुसन्धानका लागि जिल्ला प्रशासन कार्यालय पर्साले शुक्रबार पुनः चार दिनको म्याद स्वीकृत गरेको हो।

पक्राउ परेकाहरूविरुद्ध मुलुकी अपराध संहिताअनुसार गैरकानुनी जुवा तथा सट्टेबाजीसम्बन्धी कसुरमा अनुसन्धान तथा कारबाही प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ । घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय पर्साले अनुसन्धानलाई थप तीव्र बनाएको जनाएको छ।

### रकमान्तर र असारे विकास नियन्त्रणमा

## कडाइ गरिने, योजना घटाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले वित्तीय अनुशासन कायम गर्न बजेट कार्यान्वयन, योजना छनोट, कर्मचारी व्यवस्थापन र राजस्व प्रणालीमा सुधार गरिएको जनाएको छ।

प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले आफ्नो १ सय दिनको प्रगति विवरण सार्वजनिक गर्दै चालु आर्थिक वर्षमा रकमान्तर तथा थप निकासामा ५३ दशमलव ५७ प्रतिशतले कमी ल्याइएको दाबी गरेका छन्।

आर्थिक वर्षको अन्तिम महिनामा हुने असारे विकास र खर्चलाई लक्षित गर्दै असारमा हुने रकमान्तर ९५ दशमलव ९६ प्रतिशतले घटाइएको मन्त्री भट्टराईले जानकारी दिए। उनका अनुसार कानुनविपरीत रकमान्तर तथा थप निकासाका लागि अर्थ मन्त्रालयमा आएका १ सय २० भन्दा बढी फाइल सम्बन्धित निकायमै फिर्ता पठाइएको छ।

स्रोत सुनिश्चितता नगरी ठेक्का लगाउने तथा उपभोक्ता समितिमार्फत काम अघि बढाउने प्रवृत्तिलाई समेत नियन्त्रण गरिएको मन्त्रालयले जनाएको छ।

सरकारले योजना छनोटमा समेत कडाइ गर्दै चालु आर्थिक वर्षमा योजनाको संख्या घटाएको छ। गत आर्थिक वर्षमा प्रदेशमा २७ हजार ४ सय ४ वटा योजना रहेकामा चालु आर्थिक वर्षमा त्यसलाई घटाएर १५ हजार ८ सय ८ योजनामा सीमित गरिएको छ।

त्यस्तै, एक करोड रुपैयाँभन्दा कम लागतका नयाँ योजना अघि नबढाउने र नयाँ सवारीसाधन खरिदमा रोक लगाइएको मन्त्रालयले जनाएको छ। उपलब्ध स्रोतलाई प्राथमिकताका क्षेत्रमा केन्द्रित गर्ने उद्देश्यले योजना संख्या घटाइएको सरकारको भनाइ छ।

कर्मचारी व्यवस्थापनतर्फ अर्थ मन्त्रालयको आफ्नै ३२ प्रतिशत कर्मचारी दरबन्दी कटौती गरिएको तथा लामो समयदेखि एउटै कार्यालयमा कार्यरत ७६ जना लेखा अधिकृत तथा लेखापालको सरुवा गरिएको मन्त्री भट्टराईले बताए।

एउटै कर्मचारीलाई तीन–चार वटा कार्यालयको जिम्मेवारी दिने व्यवस्था अन्त्य गर्दै 'एक कर्मचारी, एक कार्यालय' नीति कार्यान्वयनमा ल्याइएको मन्त्रालयले जनाएको छ।

कर्मचारीको कार्यसम्पादन सुधारका लागि सुरु स्केलको १० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि स्वीकृत गरिएको छ । प्रोत्साहन भत्तालाई कार्यसम्पादन र उपस्थितिसँग जोड्दै आगामी मंसिरदेखि विद्युतीय हाजिरी अनिवार्य गर्ने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ।

राजस्व व्यवस्थापनमा पनि सुधार गरिएको अर्थ मन्त्रालयको दाबी छ। स्थानीय तहबाट प्रदेश सरकारले प्राप्त गर्नुपर्ने राजस्व बाँडफाँडबापत करिब २० करोड रुपैयाँ प्राप्त भएको तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट प्राप्त हुने राजस्व प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाइएको छ।

अर्थमन्त्री भट्टराईले रकमान्तर नियन्त्रण, अनावश्यक खर्च कटौती, योजना संख्या घटाउने, कर्मचारी व्यवस्थापन र राजस्व प्रणाली सुधारलाई आफ्नो १ सय दिनको मुख्य उपलब्धिका रूपमा प्रस्तुत गरेका छन्।

उनले वित्तीय अनुशासनलाई थप कडाइका साथ कार्यान्वयन गर्दै प्रदेशको बजेटलाई प्राथमिकता र आवश्यकताका क्षेत्रमा केन्द्रित गर्ने प्रतिबद्धता जनाएका छन्।

## मधेशमा करोडौँको काठ कुहिँदै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका वन क्षेत्रमा हरेक वर्ष करोडौँ रुपैयाँ मूल्यका काठ कुहिएर, मक्किएर तथा डढेलोमा जलेर नष्ट हुने गरेको छ। वन क्षेत्रमा ढलेका, सुकेका तथा विभिन्न कारणले संकलन गरिएका काठ समयमै व्यवस्थापन, लिलामी तथा बिक्री–वितरण हुन नसक्दा वर्षौंदेखि ठूलो परिमाणमा काठ खेर गइरहेको हो।

वनमन्त्री र वन अधिकृत फेरिए पनि वन क्षेत्रमा ढलेका काठको समयमै व्यवस्थापन हुन नसक्ने समस्या भने दशकौँदेखि समाधान हुनसकेको छैन। रुख ढल्ने, सुक्ने, किरा लाग्ने वा डढेलो लाग्ने गरे पनि त्यसको समयमै कटान, संकलन, लिलामी तथा उपयोग नहुँदा अन्ततः काठ वनमै कुहिएर नष्ट हुने गरेको छ।

यसको प्रत्यक्ष उदाहरण महोत्तरीको माईस्थान सब–डिभिजन वन कार्यालय परिसरमा देख्न सकिन्छ । पूर्व–पश्चिम राजमार्गको उत्तरतर्फ प्रसिद्ध माईस्थान मन्दिरसँगै रहेको कार्यालय परिसर र आसपासको क्षेत्रमा वर्षौंदेखि गोलिया काठ यत्रतत्र राखिएका छन् । झाडीले ढाकिएको अवस्थामा रहेका ती काठको समयमै लिलामी, बिक्री–वितरण वा अन्य व्यवस्थापन हुन नसक्दा कुहिएर नष्ट हुने अवस्थामा पुगेका छन्।

एकातिर वन संरक्षणका नाममा काठ उपयोगमा ल्याउन नसकिएको अवस्था छ भने अर्कोतिर वनमै रहेको काठ कुहिएर तथा डढेलोमा परेर नष्ट हुँदा राज्यले राजस्वसमेत गुमाइरहेको छ। सर्वसाधारणले समेत मागअनुसार काठ–दाउरा पाउन नसक्ने अवस्था रहँदा वनमा संकलित काठ त्यसै खेर जाने गरेको छ।

गत वर्ष रौतहटको चन्द्रपुर नगरपालिका–स्थित गैंडाटार सब–डिभिजन वन क्षेत्रमा लागेको डढेलोमा २२ चट्टा काठ जलेर नष्ट भयो। सोही स्थानमा दोस्रोपटक डढेलो लाग्दा थप ११ चट्टा दाउरा जलेर नष्ट भएको थियो । समयमै सर्वसाधारणलाई बिक्री–वितरण गरिएको वा लिलामीमार्फत व्यवस्थापन गरिएको भए उपयोगमा आउन सक्ने काठ तथा दाउरा आगलागीमा जलेर नष्ट भएको हो।

त्यस्तै, २०७६ सालमा हेटौँडा–ढल्केबर–दुहबी प्रसारण लाइन निर्माणका क्रममा मधेश प्रदेशका आठवटै जिल्लामा वन फँडानी गरिएको थियो । सो क्रममा काटिएका साललगायत विभिन्न प्रजातिका रुखबाट उत्पादित काठ तथा दाउरा राजमार्ग छेउमा चट्टाका रूपमा राखिएको थियो। करिब पाँच वर्षदेखि उचित व्यवस्थापन हुन नसक्दा ती काठ–दाउरा कतिपय स्थानमा डढेलोमा जलेर खरानी भएका छन् भने कतिपय कुहिएर नष्ट हुने अवस्थामा पुगेका छन्।

वन निर्देशनालय मधेशको तथ्यांकअनुसार महोत्तरीका विभिन्न वन क्षेत्रमा मात्रै ठूलो परिमाणमा काठ तथा दाउरा अलपत्र अवस्थामा छन्। हाल महोत्तरीका विभिन्न वन क्षेत्रमा करिब ७५ हजार ५ सय १७ घनफिट काठ र १ सय ९७ चट्टा दाउरा यत्रतत्र अवस्थामा रहेको जनाइएको छ । समयमै व्यवस्थापन हुन नसक्दा काठको गुणस्तरसमेत घट्दै गएको छ।

वन क्षेत्रमा विभिन्न समयमा तस्करबाट बरामद गरिएका, ढलापडा तथा संकलित काठ र साझेदारी वनबाट उत्पादित काठसमेत समयमै लिलाम हुन नसक्दा कुहिने गरेको छ। यसले एकातिर राज्यको राजस्व गुमिरहेको छ भने अर्कोतिर उपभोक्ताले आवश्यकताअनुसार काठ–दाउरा पाउन सकेका छैनन्।

तर वन निर्देशनालय मधेशका निमित्त वन निर्देशक लालबाबु यादवले महोत्तरीमा मात्रै ५२ हजार क्युफिट काठ–दाउरा व्यवस्थापन समितिमार्फत बिक्री–वितरण गरिएको बताएका छन्।

उनका अनुसार सप्तरीमा आठ हजार क्युफिट काठ व्यवस्थापन भइसकेको छ भने सर्लाही र धनुषामा समेत लिलामी तथा बिक्री–वितरणको प्रक्रिया अघि बढाइएको छ।

*बाँकी पृष्ठ ३ मा*

## पत्नीसँग प्रेमसम्बन्ध भएपछि घरमै बोलाएर हत्या !



**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको बलवा नगरपालिका–७ बनौटामा शौचालयको सेप्टी ट्यांकीभित्र युवकको शव फेला परेको छ । मृतक भंगहा नगरपालिका–६ बिजौंनी टोलका २५ वर्षीय विवेक सरदार रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सरदारको हत्या गरी शव टुक्राटुक्रा पारेर सेप्टी ट्यांकीभित्र लुकाइएको अवस्थामा फेला परेको हो। शव राखेपछि ट्यांकीमाथिबाट सिमेन्ट र बालुवा प्रयोग गरी प्लास्टरसमेत गरिएको पाइएको प्रहरीले जनाएको छ।

रक्षाबन्धनको दिनदेखि सम्पर्कविहीन भएका सरदारको परिवारले उनको खोजी गरिरहेको थियो । खोजीका क्रममा सरदारको अन्तिम मोबाइल लोकेसन घटनास्थल आसपास देखिएको र अन्तिम फोन कल पनि घटनास्थलका बासिन्दासँग सम्बन्धित नम्बरमा भएको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।घटनाबारे अनुसन्धानका क्रममा प्रहरीले बनौटाका घरधनी अशोक ठाकुर र उनका छोरा दिपेन्द्र ठाकुरलाई नियन्त्रणमा लिएर सोधपुछ गरेको थियो। सोधपुछका क्रममा उनीहरूले शव सेप्टी ट्यांकीमा लुकाएको बताएपछि प्रहरी घटनास्थलमा पुगेर शव बरामद गरेको जनाइएको छ।

प्रहरीका अनुसार वैदेशिक रोजगारीमा रहेका दिपेन्द्र केही दिनअघि मात्रै घर फर्किएका थिए।

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार मृतक विवेक र दिपेन्द्रकी श्रीमतीबीच चिनजान तथा निकटता रहेको खुलेको छ। यही विषयलाई लिएर विवेकलाई फोनमार्फत घरमा बोलाएर हत्या गरिएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## सम्पादकीय

# अस्पतालको गेटबाहिर जन्मिएको प्रश्न !

राज्यले नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क दिने संवैधानिक प्रतिबद्धता गरेको छ । आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित नगरिने अधिकार संविधानले सुनिश्चित गरेको छ । सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यलाई नागरिकको अधिकारका रूपमा स्वीकार गरिएको छ । तर व्यवहारमा एउटा विपन्न गर्भवती महिला सरकारी अस्पतालको मूल गेटबाहिर सडकमा बच्चा जन्माउन बाध्य हुन्छिन् भने प्रश्न केवल एउटा अस्पतालको होइन, राज्यको स्वास्थ्य प्रणालीको विश्वसनीयतामाथि उठ्छ । सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालबाहिर बबिताकुमारी पासवानले बच्चा जन्माएको घटना यही कारण सामान्य घटना होइन। यो घटनाले सरकारी अस्पतालको सेवा, स्वास्थ्यकर्मीको संवेदनशीलता, विपन्न नागरिकप्रतिको व्यवहार र राज्यले घोषणा गरेका निःशुल्क स्वास्थ्य सेवाको वास्तविक अवस्थालाई कठघरामा उभ्याएको छ।

घटनाको सबैभन्दा पीडादायी पक्ष के हो भने बबिता कुनै मनोरञ्जन वा सामान्य उपचारका लागि अस्पताल पुगेकी थिइनन्। उनी प्रसव पीडामा थिइन् । अर्थात्, उनको अवस्था तत्काल स्वास्थ्य सेवाको माग गर्ने अवस्थामध्ये सबैभन्दा संवेदनशील अवस्थामध्ये एक थियो । रातको समयमा अस्पताल पुगेकी एक गर्भवती महिलाले सुरक्षित प्रसूति सेवाका लागि अस्पतालको ढोका ढकढक्याइन् । केही घण्टापछि भने उनले त्यही अस्पतालको मूल गेटबाहिर फुटपाथमा बच्चा जन्माउनुपर्‍यो । यदि यो अवस्था साँच्चै आर्थिक अभावका कारण सिर्जना भएको हो भने त्यो स्वास्थ्य सेवाको नाममा भइरहेको गम्भीर अन्याय हो। यदि अस्पतालको भनाइअनुसार उनलाई अस्पतालमा भर्ना गरिएको थियो, बेडसमेत उपलब्ध गराइएको थियो र आवश्यक परीक्षणका लागि पठाइँदा उनी आफैं बाहिरिएकी हुन् भनेपनि प्रश्न उस्तै गम्भीर छ 'प्रसव पीडामा रहेकी महिलालाई अस्पतालबाट बाहिरिन सक्ने अवस्था कसरी आयो ?' उनलाई सुरक्षित रूपमा रोक्ने, बुझाउने र आवश्यक उपचारमा जोड्ने जिम्मेवारी कसको थियो ? यहीँबाट घटनाको वास्तविक गम्भीरता सुरु हुन्छ।

पीडित पक्षले परीक्षणका लागि करिब २ हजार ५ सय रुपैयाँ मागिएको र तत्काल रकम जुटाउन नसकेपछि भर्ना नगरिएको आरोप लगाएको छ। अस्पताल प्रशासन भने प्रारम्भिक परीक्षणपछि उनलाई बेड नम्बर २४ मा भर्ना गरिएको र चिकित्सकको सल्लाहअनुसार ल्याबमा पठाउँदा उनी बाहिरिएको दाबी गर्छ । दुवै पक्षका भनाइ परस्पर विरोधी छन् । त्यसैले सामाजिक सञ्जालमा फैलिएको भिडियोका आधारमा कसैलाई दोषी ठहर गर्नु वा अस्पतालको लिखित विज्ञप्तिलाई अन्तिम सत्य मान्नु दुवै गलत हुनेछ । तर एउटा तथ्यलाई भने कुनै छानबिनले ढाकछोप गर्न सक्दैन 'एउटी प्रसूता महिला अस्पतालको मूल गेटबाहिर बच्चा जन्माउन पुगिन् ।' अब छानबिनको केन्द्र यही प्रश्न हुनुपर्छ । अस्पतालको अभिलेखमा बेड नम्बर २४ मा भर्ना गरिएको भनिएको छ भने त्यसको प्रमाण के हो ? भर्ना प्रक्रिया कसले पूरा गर्‍यो ? उनको स्वास्थ्य अवस्था के थियो ? ल्याबमा पठाउँदा कुन परीक्षण आवश्यक थियो ? ती परीक्षण तत्काल आवश्यक थिए कि प्रसूति सेवा सुरु गरेपछि गर्न सकिने थिए ? पैसा तिर्न नसकेको अवस्थामा अस्पतालको निःशुल्क सेवा सम्बन्धी प्रोटोकल के थियो ? यदि महिला आफैं अस्पतालबाट बाहिरिएकी हुन् भने प्रसव पीडामा रहेकी महिलालाई स्वास्थ्यकर्मीले किन सुरक्षित रूपमा निगरानीमा राख्न सकेनन् ? र सबैभन्दा महत्वपूर्ण बच्चा जन्मिएपछि सालनालसहित अस्पताल फर्कंदा पनि उनलाई तत्काल र सहज रूपमा उपचारको वातावरण किन महसुस भएन ? यी प्रश्नको जवाफ कागजी विज्ञप्तिले होइन,स्वतन्त्र र निष्पक्ष छानबिनले दिनुपर्छ।

सरकारी अस्पतालमा विपन्न नागरिक पुग्दा उनीसँग पहिले पैसा खोज्ने कि उपचार ? यो बहस नै लज्जास्पद हुनुपर्ने हो। स्वास्थ्य सेवा व्यापारिक वस्तु होइन । विशेषगरी प्रसूति जस्तो आकस्मिक र संवेदनशील अवस्थामा आर्थिक हैसियतका आधारमा सेवाको ढोका खुल्ने वा बन्द हुने अवस्था स्वीकार्य हुन सक्दैन। यदि कुनै परीक्षणका लागि शुल्क लाग्ने व्यवस्था छ भने पनि त्यसका कारण प्रसव पीडामा रहेकी महिलालाई सुरक्षित प्रसूति सेवाबाट टाढा पार्न मिल्दैन। आर्थिक रूपमा कमजोर नागरिकका लागि राज्यले निःशुल्क स्वास्थ्य सेवा, सामाजिक सुरक्षा र विभिन्न सहुलियतका व्यवस्था किन गरेको हो ? सरकारी अस्पतालको मूल उद्देश्य नै निजी अस्पतालमा उपचार खर्च धान्न नसक्ने नागरिकलाई उपचारको भरोसा दिनु होइन र ? राजविराजको घटनाले अर्को गम्भीर समस्या पनि देखाएको छ स्वास्थ्य सेवा निःशुल्क हुनु र स्वास्थ्य सेवा नागरिकका लागि वास्तवमै पहुँचयोग्य हुनु एउटै कुरा होइन। कागजमा सेवा निःशुल्क होला। तर अस्पतालको ढोकामा पुग्दा परीक्षण, औषधि, कागजपत्र, प्रक्रिया, कर्मचारीको व्यवहार र अन्य अप्रत्यक्ष खर्चले विपन्न नागरिकलाई पछि हट्न बाध्य पार्छ भने निःशुल्क स्वास्थ्य सेवाको संवैधानिक अधिकारको अर्थ के रहन्छ ?

अझ प्रसूति सेवामा त संवेदनशीलता झन् बढी आवश्यक हुन्छ। प्रसव पीडामा रहेकी महिलालाई 'पहिले जाँच गराऊ, त्यसपछि हेरौं' भन्ने प्रशासनिक शैलीले जोखिम निम्त्याउन सक्छ । त्यस्तो अवस्थामा स्वास्थ्यकर्मीको पहिलो दायित्व कागजी प्रक्रिया पूरा गर्नु होइन, आमा र बच्चाको जीवन सुरक्षित गर्नु हो। यस घटनामा अस्पताल प्रशासनले आन्तरिक छानबिन गर्ने घोषणा गरेको छ। यो सकारात्मक कदम हो। तर अस्पताल आफैं घटनाको एउटा पक्ष भएकाले छानबिन केवल औपचारिकतामा सीमित हुनु हुँदैन । आवश्यक परे बाह्य, स्वतन्त्र र विश्वसनीय संयन्त्रबाट समेत छानबिन हुनुपर्छ। अस्पतालको कर्मचारी दोषी भए कारबाही हुनुपर्छ। पीडित पक्षको आरोप गलत प्रमाणित भए त्यसको तथ्य पनि सार्वजनिक हुनुपर्छ। सत्य जे हो, त्यो बाहिर आउनैपर्छ । किनकि यो एउटा बबिताको मात्र प्रश्न होइन। आज बबिता हुन्, भोलि अर्को विपन्न महिला हुन सक्छिन्। आज एउटा सरकारी अस्पतालको गेट हो, भोलि अर्को अस्पतालको आकस्मिक कक्ष हुन सक्छ। यदि यस्तो घटनालाई 'भ्रम', 'गलत बुझाइ' वा 'सामाजिक सञ्जालको अतिरञ्जना' भन्दै पन्छाइयो भने यसले स्वास्थ्य संस्थामा नागरिकको विश्वास झन् कमजोर बनाउनेछ।

संघीय संसद्मा समेत यो विषय उठिसकेको छ। नागरिकस्तरमा विरोध भइरहेको छ। यसको अर्थ घटना सामाजिक संवेदनशीलताको तह पार गरेर सार्वजनिक उत्तरदायित्वको विषय बनिसकेको छ। अब सरकार, स्वास्थ्य मन्त्रालय र अस्पताल प्रशासनले मौन बसेर पुग्दैन। सरकारी अस्पताल नागरिकको करबाट चल्छ । त्यसैले अस्पतालको ढोका नागरिकका लागि हो, नागरिकको आर्थिक हैसियत जाँच्ने चौकी होइन।

विपन्न महिला भएकै कारण कसैले कम सम्मान, कम प्राथमिकता वा कम अधिकार पाउनु हुँदैन । अस्पतालमा आउने हरेक बिरामीको जीवनको मूल्य समान हुन्छ। नवजात शिशुको जीवनको मूल्य उसको आमाको खल्तीमा रहेको पैसाले निर्धारण गर्न सक्दैन। राजविराजको फुटपाथमा जन्मिएको बच्चाले राज्यलाई एउटा कठोर प्रश्न सोधेको छ 'मेरो जन्म सुरक्षित अस्पतालभित्र हुनुपर्ने होइन र ?' यसको जवाफ अब सरकार र अस्पताल प्रशासनले दिनुपर्छ । बबिता र उनको शिशुको उपचार अहिले निःशुल्क भइरहेको र स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालको भनाइ छ। तर उपचारपछि घटनाको मूल प्रश्न समाप्त हुँदैन। दोषी को हो भन्ने मात्र होइन, यस्तो अवस्था सिर्जना हुने प्रणालीगत कमजोरी कहाँ छ भन्ने खोजिनुपर्छ। कर्मचारीको व्यवहार, अस्पतालको प्रोटोकल, निःशुल्क उपचारको कार्यान्वयन, आकस्मिक प्रसूति सेवाको व्यवस्था र विपन्न बिरामी पहिचान तथा सहजीकरण प्रणाली सबैको समीक्षा आवश्यक छ।

# आहा ! टुँडिखेल

विमलबहादुर विष्ट

**काठमाडौँ।**
राजधानीको मुटुमा रहेको टुँडिखेलको फेरिएको स्वरुपलाई नियाल्दै गरेका कैलालीका युवा ललितकुमार कलेललाई विदेशमा पुगेजस्तो अनुभूति भयो । 'अन्य देशका सहरमा जताततै यस्तै खुल्ला हरियो चौर देखिन्थ्यो, अहिले आफ्नै देशको राजधानीमा देख्न पाइयो, गर्न चाह्यो भने नहुने के छ र !" उनी भन्छन्। चार वर्षअघि काठमाडौँ आउँदा टुँडिखेलमा हिलो हुने, खाल्डाखुल्डी हुने र हिँड्नसमेत गाह्रो हुने अवस्था थियो। अहिले खाल्डाखुल्डी पुर्ने र दुबो रोपेर हरियाली भएको देख्दा केहीबेर यहीँ आराम गरेर बसेको उनी सुनाउँछन् । उनले टुँडिखेल व्यवस्थित भएपछि सर्वसाधारणले यहाँ घुम्ने, फोटो खिच्ने, सामाजिक सञ्जालका लागि सामग्री बनाउने तथा मनोरञ्जन गर्ने वातावरण बन्ने बताए । त्यस्तै, टुँडिखेलमा भेटिएका अर्का युवा जगत ओलीले महानगरपालिकाको हरियाली अभियान स्वागतयोग्य भएको बताए । 'टुँडिखेललाई हरियाली बनाउने अभियान निकै स्वागतयोग्य छ । टुँडिखेलसहित काठमाडौँमा रहेका अन्य सार्वजनिकस्थलमा पनि यसैगरी हरियाली बनाउन आवश्यक छ । यसले यहाँको सौन्दर्य बढ्नुका साथै पर्यटकका लागि पनि आकर्षणको केन्द्र बन्न सक्छ,' उनले भने।

टुँडिखेलको मैदानमा दुबो रोपेर हरियाली बनाउने कामले ललितकुमार र जगत्लाई मात्र होइन, स्थानीय बासिन्दा तथा सर्वसाधारणमा पनि सकारात्मक प्रतिक्रिया देखिएको छ। वर्षौंदेखि धुलाम्य, उजाड र हिउँदमा हिलो हुने समस्याले प्रभावित टुँडिखेलमा दुबो (बरमुढा घाँस) रोप्ने काम तीव्र गतिमा अघि बढेपछि अहिले हरियाली र आकर्षक देखिन थालेको हो । काठमाडौँ महानगरपालिकाले टुँडिखेललाई सफा, सुन्दर, वातावरणमैत्री तथा नागरिकमैत्री खुला क्षेत्रका रूपमा विकास गर्ने उद्देश्यले नेपाली सेना र अन्य सरोकारवाला निकायसँगको समन्वयमा 'टुँडिखेल हरियाली कार्यक्रम' सञ्चालन गरेको छ । सोही कार्यक्रमअन्तर्गत सैनिक मञ्चभन्दा दक्षिणतर्फको ठूलो भू–भागमा विशेष प्रजातिको बरमुढा दुबो रोप्ने कार्य भइरहेको छ । यस क्षेत्रलाई हराभरा बनाउने उद्देश्यले करिब ६१ हजार २६३ वर्गमिटर क्षेत्रमा दुबो रोप्ने काम भइरहेको छ । दुबो रोपिएसँगै टुँडिखेलको मैदानको स्वरूपमा उल्लेख्य परिवर्तन देखिन थालेको छ। यसअघि सुक्खा मौसममा धुलो उड्ने र वर्षातका समयमा हिलो हुने मैदान अहिले क्रमशः हरियो बन्दै गएको छ।

दुबो रोप्ने जिम्मेवारी बेन्जामीन–सुस्मन–आरकेजेभीले लिएको छ।

आरकेजेभीका सञ्चालक रविनकुमार गौतमका अनुसार गत मङ्सिरदेखि सुरु गरिएको काम एक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। सम्झौताअनुसार करसहित रु दुई करोड ४२ लाखको लागतमा दुबो रोप्ने तथा आवश्यक व्यवस्थापनका काम अघि बढाइएको उनले जानकारी दिए । 'गत मङ्सिरदेखि दुबो रोप्न सुरु गरिएकामा हालसम्म करिब ९० प्रतिशत सम्पन्न भएको छ। आगामी मङ्सिर मसान्तसम्म काम सम्पन्न गरी महानगरपालिकालाई हस्तान्तरण गर्नेछौँ,' गौतमले भने।



### तीन इन्च मलिलो माटो राखेर दुबो रोपिँदै

मैदानको चारै कुनामा बोरिङ खनेर आवश्यक समयमा पानी उपलब्ध गराउने व्यवस्था मिलाइँदैछ । नियमित सिँचाइ र उचित व्यवस्थापनबाट रोपिएको दुबोलाई संरक्षण गर्दै टुँडिखेललाई वर्षभरि हरियाली राख्ने योजना रहेको निर्माण व्यवसायीको भनाइ छ । टुँडिखेलजस्तो ठूलो खुला क्षेत्रमा घाँस रोप्दा यसको सौन्दर्य मात्र बढ्ने नभई वातावरणीय दृष्टिले पनि महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

सहरी क्षेत्रमा बढ्दो धुलो नियन्त्रण गर्न, तापक्रम सन्तुलनमा सहयोग पुर्‍याउन तथा खुला क्षेत्रको वातावरणीय गुणस्तर सुधार गर्न हरियालीले महत्वपूर्ण भूमिका खेल्ने भएकाले महानगरले यसलाई प्राथमिकतामा राखेको जनाएको छ । दुबो रोपिएसँगै टुँडिखेलको ठूलो भू–भाग हरियो देखिन थालेको छ । वर्षायाममा वरिपरिका रूख तथा अन्य वनस्पति पनि हरिया भएका कारण टुँडिखेलको प्राकृतिक सौन्दर्य थप बढेको देखिन्छ।

### भूमिगत पानीको पुनर्भरणमा पनि सहयोग

टुँडिखेलमा हरियाली विस्तारसँगै भूमिगत जलस्रोत संरक्षणलाई समेत जोड दिइएको छ । पानीको उचित व्यवस्थापन तथा भूमिगत जलस्तर बढाउन 'वाटर रिचार्ज पिट' निर्माण गर्ने व्यवस्था मिलाइँदैछ । बर्सातको पानीलाई व्यवस्थित रूपमा जमिनमुनि पठाउन सकिएमा भूमिगत पानीको पुनर्भरणमा सहयोग पुग्ने र सहरी क्षेत्रमा पानीको व्यवस्थापन थप प्रभावकारी हुने अपेक्षा गरिएको छ। यसले टुँडिखेलको हरियाली संरक्षणसँगै वातावरणीय सन्तुलन कायम गर्न पनि सहयोग पुग्ने महानगरको विश्वास छ । विशेषगरी काठमाडौँ उपत्यकामा खुला तथा हरियाली क्षेत्र निरन्तर घट्दै गइरहेको अवस्थामा टुँडिखेलमा हरियाली विस्तारलाई वातावरणीय दृष्टिले महत्वपूर्ण कामका रूपमा हेरिएको छ । व्यस्त सहरी क्षेत्रमा रहेको यस खुला क्षेत्रलाई हराभरा बनाउँदा सर्वसाधारणलाई स्वच्छ वातावरणमा हिँडडुल, व्यायाम तथा आराम गर्न सहज हुने अपेक्षा गरिएको छ।

### नागरिकमैत्री खुला क्षेत्रका रूपमा विकास गरिने

टुँडिखेल काठमाडौँको ऐतिहासिक, सामाजिक तथा सांस्कृतिक महत्व बोकेको खुला क्षेत्र हो । पछिल्ला वर्षमा यसको संरक्षण, सौन्दर्यीकरण तथा व्यवस्थित उपयोगका विषयमा विभिन्न क्षेत्रबाट आवाज उठ्दै आएको थियो । नागरिकको बढ्दो मागलाई ध्यानमा राख्दै महानगरपालिकाले टुँडिखेललाई स्थायी संरचनारहित खुला क्षेत्रका रूपमा संरक्षण गर्ने नीति अघि सारेको जनाएको छ।

महानगरपालिकाका अनुसार टुँडिखेल क्षेत्रमा कुनै पनि स्थायी संरचना निर्माण गरिने छैन। यसलाई नागरिकको हिँडडुल, व्यायाम, खेलकुद तथा सार्वजनिक समारोहका लागि सहज हुने गरी खुला क्षेत्रकै रूपमा व्यवस्थापन गरिनेछ।

सहरी जीवनशैलीका कारण शारीरिक गतिविधिका लागि खुला स्थानको अभाव बढ्दै गइरहेको अवस्थामा टुँडिखेलको व्यवस्थित विकासले सर्वसाधारणलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ । बिहान–बेलुका हिँडडुल तथा व्यायाम गर्ने नागरिकदेखि सार्वजनिक कार्यक्रम सञ्चालन गर्ने समुदायसम्मका लागि टुँडिखेल उपयोगी हुने गरी यसको व्यवस्थापन गरिने महानगरको भनाइ छ।

### दुबो संरक्षणका लागि नियमित सिँचाइ र व्यवस्थापन

दुबो रोप्नु मात्र पर्याप्त नहुने भएकाले यसको संरक्षण र नियमित व्यवस्थापनलाई पनि प्राथमिकतामा राखिएको छ । विशेषगरी काठमाडौँको मौसम, वर्षायाममा हुने अत्यधिक पानी र हिउँदमा हुने सुख्खापनलाई ध्यानमा राख्दै सिँचाइ तथा पानी निकासको उचित व्यवस्था आवश्यक हुने निर्माण व्यवसायीको भनाइ छ। यसैलाई ध्यानमा राखेर बोरिङ तथा पानी व्यवस्थापनको काम अघि बढाइएको हो।

मैदानमा आवश्यकताअनुसार सिँचाइ गर्न सकिने व्यवस्था भएपछि दुबो लामो समयसम्म हरियो र स्वस्थ राख्न सहज हुने अपेक्षा गरिएको छ । टुँडिखेलको हरियाली कायम राख्न नागरिकको भूमिकासमेत महत्वपूर्ण हुने देखिएको छ। घाँसमा अनावश्यक रूपमा सवारीसाधन चलाउने, फोहोर फाल्ने तथा दुबो नष्ट हुने गतिविधि नियन्त्रण गर्न सकेमा यसको संरक्षण अझ प्रभावकारी हुने सरोकारवालाको भनाइ छ।

### निर्माण अवधिमा कार्यक्रम सञ्चालनमा रोक

दुबो रोप्ने तथा मैदानको निर्माण र व्यवस्थापन कार्य चलिरहेकाले हाल टुँडिखेल क्षेत्रमा हुने आमसभा, खेलकुद, सांस्कृतिक कार्यक्रमलगायतका गतिविधिमा अस्थायी रोक लगाइएको छ । मैदानमा रोपिएको दुबो राम्रोसँग हुर्कन तथा निर्माण कार्य सुरक्षित रूपमा सम्पन्न गर्न केही समय नागरिकका नियमित तथा सार्वजनिक गतिविधि सीमित गरिएको हो। काम सम्पन्न भएपछि भने टुँडिखेललाई व्यवस्थित रूपमा नागरिकको प्रयोगमा ल्याउने महानगरपालिकाको योजना छ।

हालसम्म करिब ९० प्रतिशत काम सम्पन्न भइसकेकाले बाँकी कामसमेत निर्धारित समयभित्र पूरा गर्ने लक्ष्य राखिएको छ। मङ्सिर मसान्तसम्म सम्पूर्ण काम सम्पन्न गरी महानगरपालिकालाई हस्तान्तरण गर्ने तयारी भइरहेको छ। दुबो रोप्ने काम पूरा भएपछि टुँडिखेलको दृश्यमा अझ ठूलो परिवर्तन आउने अपेक्षा गरिएको छ । हरियो मैदान, व्यवस्थित सिँचाइ, पानी पुनर्भरण संरचना तथा खुला क्षेत्रको संरक्षणसँगै टुँडिखेल काठमाडौँको महत्वपूर्ण हरित तथा सार्वजनिकस्थलका रूपमा थप आकर्षक बन्ने देखिएको छ।

ऐतिहासिक पहिचान बोकेको टुँडिखेललाई आधुनिक सहरी आवश्यकतासँग जोड्दै खुला, स्वच्छ र हरियाली क्षेत्रका रूपमा विकास गर्ने प्रयासले काठमाडौँको वातावरणीय सुधारमा समेत योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

### स्थायी संरचना नबनाउने महानगरको योजना

टुँडिखेल केवल हरियाली मैदान मात्र नभई काठमाडौँको ऐतिहासिक, सामाजिक तथा सांस्कृतिक पहिचानसँग जोडिएको सार्वजनिकस्थल हो । यसको संरक्षण तथा व्यवस्थित उपयोगका विषयमा लामो समयदेखि विभिन्न क्षेत्रबाट आवाज उठ्दै आएको थियो । महानगरपालिकाले टुँडिखेललाई स्थायी संरचनाले भरिएको क्षेत्र नभई खुला तथा नागरिकमैत्री सार्वजनिकस्थलका रूपमा विकास गर्ने नीति अघि सारेको जनाएको छ । महानगरपालिकाका अनुसार टुँडिखेलमा कुनै पनि स्थायी संरचना निर्माण गरिने छैन। नागरिकको हिँडडुल, व्यायाम, खेलकुद तथा सार्वजनिक समारोहका लागि सहज हुने गरी खुला क्षेत्रकै रूपमा यसको व्यवस्थापन गरिनेछ । काठमाडौँमा बढ्दो जनघनत्वसँगै खुला स्थानको अभाव भइरहेको अवस्थामा टुँडिखेलको संरक्षणले नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ। बिहान–बेलुका हिँडडुल तथा व्यायाम गर्ने नागरिकदेखि सार्वजनिक कार्यक्रम सञ्चालन गर्ने समुदायसम्मका लागि टुँडिखेललाई उपयोगी बनाउने योजना महानगरको छ।

टुँडिखेलमा हरियाली विस्तारको काम पूरा भएपछि यसको दृश्यमा अझ ठूलो परिवर्तन आउने अपेक्षा गरिएको छ । हरियो मैदान, व्यवस्थित सिँचाइ, पानी पुनर्भरण संरचना र खुला क्षेत्रको संरक्षणसँगै टुँडिखेल काठमाडौँको महत्वपूर्ण हरित तथा सार्वजनिकस्थलका रूपमा स्थापित हुनेछ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# बाढी प्रभावितका लागि पब्जी मोबाइल
# नेपालको राहत सहयोग




**मधेशदृष्टि**
**काठमाडौँ।**
हालैको बाढीबाट प्रभावित परिवार तथा समुदायलाई तत्काल आवश्यक सहयोग पु¥याउने उद्देश्यले पब्जी मोबाइल नेपालले अत्यावश्यक राहत सामग्री उपलब्ध गराएको छ । पब्जी मोबाइल नेपालले खाद्यान्न, कम्बल, सौर्य आपतकालीन बत्ती तथा व्यक्तिगत सरसफाइका सामग्रीलगायत प्रभावित परिवारका लागि आवश्यक विभिन्न राहत सामग्री उपलब्ध गराएको हो। उक्त सामग्री गल्छी गाउँपालिकालाई हस्तान्तरण गरिएको छ।

गाउँपालिकाले आवश्यक समन्वय गरी प्राप्त राहत सामग्रीलाई बाढीबाट प्रभावित नुवाकोट र रसुवाका समुदायमा आवश्यकता पहिचानका आधारमा क्रमशः वितरण गर्ने जनाएको छ। हालै आएको बाढीका कारण देशका विभिन्न क्षेत्रमा जनजीवन प्रभावित भएको छ। बाढीबाट कतिपय परिवार विस्थापित भएका छन् भने घर तथा अन्य भौतिक संरचनामा समेत क्षति पुगेको छ। सडक तथा यातायात सेवा प्रभावित हुँदा प्रभावित क्षेत्रमा खाद्यान्न, सुरक्षित बसोबास, सरसफाइका सामग्री, प्रकाश तथा अन्य आधारभूत आवश्यकताका सामग्रीको माग बढेको छ।

यही अवस्थालाई ध्यानमा राख्दै तत्काल आवश्यक राहत सामग्री उपलब्ध गराएर जारी राहत प्रयासमा योगदान पु¥याउने उद्देश्यले सहयोग गरिएको पब्जी मोबाइल नेपालले जनाएको छ । पब्जी मोबाइल नेपालको यो सहयोग स्थानीय तह, सुरक्षा निकाय, राहतकर्मी, स्वयंसेवक, सामुदायिक समूह तथा विभिन्न संघसंस्था र व्यक्तिहरूले प्रभावित समुदायसम्म सहायता पु¥याउन गरिरहेका समन्वित राहत प्रयासमा योगदान पुऱ्याउने उद्देश्यले गरिएको हो। राहत सामग्री उपलब्ध गराउनुका साथै पब्जी मोबाइल नेपालसँग सहकार्यमा रहेका स्ट्रिमरहरूले समेत बाढी प्रभावितका लागि राहत तथा उद्धार कार्यमा सहयोग जुटाउन पहल गरिरहेका छन्। उनीहरूले सरकारद्वारा सार्वजनिक गरिएको आधिकारिक क्यूआर कोडमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषसम्बन्धी जानकारी आफ्ना समुदायमा साझा गरिरहेका छन्। स्ट्रिमरहरूले इच्छुक व्यक्तिहरूलाई आधिकारिक माध्यममार्फत राहत प्रयासमा सहयोग गर्न सकिनेबारे समेत जानकारी गराइरहेका छन् । यसमार्फत डिजिटल मनोरञ्जनको क्षेत्रमा आबद्ध समुदायलाई विपद्का बेला सामाजिक उत्तरदायित्व निर्वाह गर्न प्रोत्साहित गर्ने प्रयास गरिएको पब्जी मोबाइल नेपालको भनाइ छ । पब्जी मोबाइल नेपालले बाढीबाट प्रभावित परिवार तथा समुदायप्रति ऐक्यबद्धता व्यक्त गर्दै विपद्को समयमा राहत तथा उद्धारमा खटिएका सरकारी निकाय, स्थानीय तह, सुरक्षा निकाय, राहतकर्मी, स्वयंसेवक, सामुदायिक समूह तथा विभिन्न संघसंस्थाको प्रयासप्रति सम्मानसमेत व्यक्त गरेको छ।

बाढीको प्रभावबाट प्रभावित समुदायका लागि राहत, पुनःस्थापना तथा पुनर्निर्माणका प्रयास जारी रहेका बेला निजी क्षेत्र तथा विभिन्न सामाजिक समूहबाट प्राप्त सहयोगले प्रभावित परिवारको तत्कालीन आवश्यकता पूरा गर्न केही सहज हुने अपेक्षा गरिएको छ । पब्जी मोबाइल नेपालले विपद्बाट प्रभावित परिवार तथा समुदायलाई साथ र ऐक्यबद्धता व्यक्त गर्दै राहत तथा पुनःस्थापनाका प्रयासमा आफ्नोतर्फबाट निरन्तर सहयोग पुऱ्याउने प्रतिबद्धतासमेत जनाएको छ।

## तीन स्थानीय तहका १ हजार ८५ परिवारले
# भदौमै जग्गाधनी पुर्जा पाउने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषामा लामो समयदेखि जग्गाधनी पुर्जाविहीन अवस्थामा रहेका परिवारलाई पुर्जा वितरण गर्ने प्रक्रिया अघि बढाइएको छ। नाप नक्सा सम्पन्न भए पनि विभिन्न कारणले दर्ता प्रक्रिया पूरा हुन नसकेका गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको समस्या समाधान गर्दै भदौ महिनामै तीन स्थानीय तहका १ हजार ८५ परिवारलाई जग्गाधनी पुर्जा वितरण गर्न लागिएको हो।

नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमारका अनुसार सबैला नगरपालिका, हंसपुर नगरपालिका र क्षिरेश्वरनाथ नगरपालिकाका विभिन्न वडाका परिवारलाई पुर्जा वितरण गर्ने तयारी गरिएको छ। कार्यालयका अनुसार भदौ २७ गते सबैला नगरपालिका–८, साविक ठिला यदुवा गाविसका ३ सय ६० परिवारलाई जग्गाधनी पुर्जा वितरण गरिनेछ।

त्यस्तै, भदौ २९ गते हंसपुर नगरपालिका–५, साविक सुगा निकास गाविसका ३ सय ५० परिवारलाई पुर्जा वितरण गर्ने तयारी छ । भदौ ३१ गते क्षिरेश्वरनाथ नगरपालिका–१ र २, साविक रमदैया भवाडी गाविसका ३ सय ७५ परिवारलाई पुर्जा वितरण गरिने कार्यालयले जनाएको छ । नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमारले नाप नक्सा सम्पन्न भएका तर दर्ता प्रक्रिया पूरा हुन बाँकी गाउँ ब्लक तथा स्ववासी जग्गाको समस्या समाधानलाई कार्यालयले प्राथमिकतामा राखेको बताए।

उनका अनुसार नाप नक्सा सम्पन्न हुँदैमा जग्गाको स्वामित्व पूर्णरूपमा स्थापित नहुने भएकाले त्यसपछि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । स्थानीयको सहभागिता, आवश्यक कागजात तथा अन्य प्रक्रिया पूरा गराउँदै लामो समयदेखि बाँकी रहेका जग्गा दर्तासम्बन्धी विषय क्रमशः टुंग्याउने गरी काम भइरहेको उनले बताए।

पुर्जा वितरणपछि लामो समयदेखि जग्गाको स्वामित्वसम्बन्धी समस्या भोगिरहेका परिवारले आफ्नो सम्पत्तिको कानुनी अधिकार प्राप्त गर्ने कार्यालयको भनाइ छ । जग्गाधनी पुर्जा प्राप्त भएपछि जग्गा बिक्री–वितरण, धितो राखेर कारोबार गर्न तथा अन्य प्रशासनिक काम गर्नसमेत स्थानीयलाई सहज हुनेछ । नापी कार्यालयका अनुसार धनुषाका अन्य क्षेत्रमा पनि नाप नक्सा सम्पन्न भइसकेका तर विभिन्न कारणले दर्ता प्रक्रिया पूरा हुन बाँकी गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको विवरण अध्ययन गरी आवश्यक प्रक्रिया अघि बढाइनेछ।

भदौ महिनामा मात्रै तीन स्थानीय तहका १ हजार ८५ परिवारले जग्गाधनी पुर्जा पाउने भएपछि लामो समयदेखि आफ्नो जग्गाको कानुनी स्वामित्वको प्रमाणको प्रतीक्षामा रहेका परिवारलाई राहत पुग्ने अपेक्षा गरिएको छ।

# अस्पतालको गेटमा बच्चा जन्माएकी
# बबितालाई समाजसेवी सुनिता साहको सहयोग




**मधेशदृष्टि**
**राजविराज।**
अस्पतालको प्रवेशद्वार नजिकै सडक पेटीमा प्रसव पीडाबीच बच्चा जन्माउन बाध्य भएकी सप्तरीकी बबिता पासवानलाई समाजसेवी सुनिता साह (क्रान्ति)ले राहत तथा आवश्यक सामग्री सहयोग गरेकी छन् । राष्ट्रिय समता पार्टी नेपालकी केन्द्रीय उपाध्यक्षसमेत रहेकी राजविराज–७ निवासी साहले शुक्रबार गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालमै पुगेर राजविराज नगरपालिका–१४ पर्साहीकी बबिता र उनका नवजात शिशुका लागि आवश्यक सामग्री हस्तान्तरण गरेकी हुन्।

आर्थिक रूपमा विपन्न परिवारकी बबिता आर्थिक अभावका कारण अस्पतालमा सुरक्षित प्रसूति सेवा लिन कठिनाइ भएपछि रकमको जोहो गर्न अस्पतालबाट बाहिरिएकी थिइन्। सोही क्रममा प्रसव पीडा बढेपछि करिब तीन दिनअघि अस्पतालको प्रवेशद्वार नजिकै सडक पेटीमै उनले शिशुलाई जन्म दिएकी थिइन् । अस्पतालको गेटमै बच्चा जन्माउनुपरेको घटनाले स्वास्थ्य सेवामा विपन्न नागरिकको पहुँच र सरकारी अस्पतालको सेवा प्रवाहमाथि गम्भीर प्रश्न उठाएपछि बबिताको अवस्था अहिले विभिन्न क्षेत्रको चासोको विषय बनेको छ । हाल बबिता र उनका नवजात शिशु दुवै गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालमै उपचाररत छन्।

बबिताको कठिन परिस्थितिमा केही भए पनि राहत पुगोस् भन्ने उद्देश्यले समाजसेवी साहले आमा र नवजात शिशुका लागि आवश्यक लत्ताकपडा, झुल, सेनिटरी प्याड, साबुन, पाउडर, पौष्टिक आहारलगायतका सामग्री प्रदान गरेकी छन् । साथै, परिवारलाई तत्कालको दैनिक आवश्यकता पूरा गर्न करिब एक महिनासम्म पुग्ने खाद्यान्नसमेत हस्तान्तरण गरिएको छ । सहयोग हस्तान्तरण गर्दै साहले आर्थिक अभावकै कारण कुनै पनि महिलाले सुरक्षित प्रसूति सेवाबाट वञ्चित हुनुपर्ने अवस्था आउन नहुने बताइन् । विपन्न तथा असहाय नागरिकका लागि राज्यले स्वास्थ्य सेवाको पहुँच व्यवहारमै सुनिश्चित गर्नुपर्नेमा उनले जोड दिइन्।

उनले बबिताले भोग्नुपरेको अवस्था केवल एउटा परिवारको समस्या नभई स्वास्थ्य सेवाको पहुँच र राज्यको सामाजिक उत्तरदायित्वसँग जोडिएको विषय भएको बताउँदै सम्बन्धित निकायलाई यस्ता घटनाबाट पाठ सिक्न आग्रह गरिन् । अस्पतालको प्रवेशद्वारमै प्रसव हुन पुगेको घटनापछि अस्पताल प्रशासनले आन्तरिक छानबिन अघि बढाउने जनाएको छ । अस्पताल प्रशासन र पीडित पक्षको भनाइमा घटनाको कारणबारे फरक दाबी रहेकाले वास्तविकता निष्पक्ष छानबिनबाट स्पष्ट हुने अपेक्षा गरिएको छ।

यसैबीच, बबिताको अवस्थाबारे सार्वजनिक रूपमा जानकारी आएपछि विभिन्न व्यक्ति तथा संघसंस्थाबाट सहयोग र चासो बढ्दै गएको छ । समाजसेवी साहको सहयोगले विपद् र अभावमा परेका परिवारप्रति सामाजिक क्षेत्रबाट देखाइएको मानवीय संवेदनालाई समेत उजागर गरेको छ। अस्पतालको गेटमा जन्मिएको शिशुको घटनाले राज्यको स्वास्थ्य प्रणालीमाथि प्रश्न उठाइरहेका बेला बबिताको हातमा पुगेको यो सहयोग तत्कालका लागि राहत भए पनि दीर्घकालीन समाधान भने राज्यले नै खोज्नुपर्ने आवश्यकता देखिएको छ।

# बाढीपीडितका लागि
# इनड्राइभको ७ करोड ५० लाख सहयोग







**मधेशदृष्टि**
**काठमाडौं।**
विश्वव्यापी मोबिलिटी तथा डेलिभरी प्लेटफर्म 'इनड्राइभ'ले भोटेकोशी बाढीबाट प्रभावित परिवार तथा समुदायको राहत, पुनस्र्थापना र पुनर्निर्माणका लागि नेपाल सरकारले सञ्चालन गरिरहेको अभियानमा सहयोग पु¥याउन प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ७ करोड ५० लाख रुपैयाँ योगदान गरेको छ । करिब ५ लाख अमेरिकी डलर बराबरको उक्त रकम इनड्राइभ नेपालका प्रतिनिधिहरूको उपस्थितिमा सेप्टेम्बर ९, २०२६ मा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरिएको हो। भोटेकोशी बाढीबाट प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउनुका साथै विपद्पछिको पुनस्र्थापना र पुनर्निर्माणमा समेत योगदान पु¥याउने उद्देश्यले उक्त रकम कोषमा जम्मा गरिएको इनड्राइभले जनाएको छ।

अगस्ट २६ मा नेपाल–चीन सीमाक्षेत्र नजिकै गएको हिम तथा चट्टानी पहिरोपछि आएको भोटेकोशी बाढीले रसुवासहित नुवाकोट र धादिङका विभिन्न क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति पु¥याएको थियो। बाढीका कारण जनधनको क्षतिसँगै घर, विद्यालय, पुल, जलविद्युत् आयोजना तथा अन्य महत्वपूर्ण सार्वजनिक पूर्वाधारमा समेत व्यापक क्षति पुगेको छ । विपद्पछि प्रभावित क्षेत्रमा खोज तथा उद्धारसँगै राहत वितरणका काम जारी छन् भने अझै बेपत्ता रहेका व्यक्तिहरूको खोजीसमेत भइरहेको छ । यस्तो अवस्थामा सरकारी कोषमा गरिएको ठूलो आर्थिक योगदानले तत्कालीन राहतसँगै दीर्घकालीन पुनस्र्थापना तथा पुनर्निर्माणका प्रयासमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

इनड्राइभले सरकारी कोषमा आर्थिक सहयोग गर्नुसँगै प्रभावित समुदायसम्म प्रत्यक्ष राहत सामग्रीसमेत पु¥याएको८८ जनाएको छ । कम्पनीले नुवाकोटको विदुर नगरपालिका–९ का बाढी प्रभावित परिवारलाई तत्काल आवश्यक विभिन्न सामग्री वितरण गरेको हो । प्रत्यक्ष राहतअन्तर्गत प्रभावित परिवारलाई खाद्यान्न, सोलार बत्ती, इन्डक्सन चुलो, ब्लाङ्केट तथा स्यानिटरी प्याड लगायतका अत्यावश्यक सामग्री उपलब्ध गराइएको छ । विपद्पछिको कठिन परिस्थितिमा दैनिक जीवन सञ्चालनका लागि आवश्यक आधारभूत सामग्रीको अभाव झेलिरहेका परिवारलाई तत्काल राहत उपलब्ध गराउनु प्रत्यक्ष सहयोगको मुख्य उद्देश्य रहेको कम्पनीले जनाएको छ।

इनड्राइभका फाउन्डर तथा प्रमुख कार्यकारी अधिकृत (सीईओ) आर्सेन टोम्स्कीले नेपालमा आएको विनाशकारी बाढीले धेरै परिवार र समुदायलाई गम्भीर क्षति र कठिन परिस्थितिमा पु¥याएको भन्दै प्रभावितप्रति संवेदना व्यक्त गरेका छन् । उनले नेपाल इनड्राइभ समुदायको महत्वपूर्ण हिस्सा रहेको उल्लेख गर्दै विपद्को कठिन समयमा नेपाली जनताको साथमा उभिन चाहेको बताएका छन् । कम्पनीको सहयोगले तत्काल सहायता आवश्यक रहेका परिवारसम्म राहत पु¥याउनुका साथै प्रभावित समुदायको पुनस्र्थापना र पुनर्निर्माणमा केही योगदान पुग्ने विश्वास उनले व्यक्त गरेका छन्। इनड्राइभले बाढीमा आफ्ना प्रियजन गुमाएका परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दै अझै बेपत्ता आफन्तको खबरको प्रतीक्षामा रहेका परिवार तथा विपद्बाट प्रभावित सम्पूर्ण समुदायप्रति ऐक्यबद्धता जनाएको छ।

कम्पनीका अनुसार राहत सामग्री वितरण तत्कालीन आवश्यकता सम्बोधनमा केन्द्रित भए पनि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा गरिएको ठूलो आर्थिक योगदानले राहतसँगै प्रभावित क्षेत्रको पुनस्र्थापना र पुनर्निर्माणका दीर्घकालीन प्रयासमा सहयोग पु¥याउने उद्देश्य बोकेको छ । भोटेकोशी बाढीले क्षतिग्रस्त घर, पूर्वाधार तथा जीविकोपार्जनका आधार पुनःनिर्माण गर्न ठूलो स्रोत आवश्यक पर्ने अवस्थामा निजी क्षेत्रबाट प्राप्त यस्तो सहयोगले राज्यको राहत तथा पुनर्निर्माण अभियानलाई थप बल पुग्ने देखिएको छ । इनड्राइभले विपद्का बेला नेपाली नागरिकसँग ऐक्यबद्धता जनाउँदै प्रभावित समुदायलाई सामान्य जनजीवनमा फर्काउन आवश्यक राहत, पुनस्र्थापना र पुनर्निर्माणका प्रयासमा आफ्नोतर्फबाट सहयोग जारी राख्ने प्रतिबद्धतासमेत जनाएको छ।

# बारा–पर्सा इँटा व्यवसायी संघको
# अध्यक्षमा यादव सर्वसम्मत

**मधेशदृष्टि**
**कलैया।**
बारा–पर्सा इँटा उद्योग व्यवसायी संघको अध्यक्षमा ओमप्रकाश यादव सर्वसम्मत चयन भएका छन्। संघको शुक्रबार कलैयास्थित दरबार होटलमा सम्पन्न १६औँ साधारण सभा तथा आठौँ अधिवेशनले यादवको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । साधारण सभा तथा अधिवेशन केन्द्रीय इँटा उद्योग संघका वरिष्ठ उपाध्यक्ष तथा जनकपुर इँटा उद्योग व्यवसायी संघका अध्यक्ष रामविनय यादवको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

अधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा नवलकिशोर प्रसाद चौरसिया, उपाध्यक्षमा रुपेश जयसवाल र मुना कुमार यादव सर्वसम्मत चयन भएका छन् । त्यस्तै कोषाध्यक्षमा विजयचन्द्र साह र सचिवमा रामदयाल साह निर्विरोध चयन भएका छन् । यसैगरी संघको अन्य पदाधिकारी तथा सदस्यहरू पनि सर्वसम्मत चयन गरिएको जनाइएको छ । साधारण सभामा संघका कोषाध्यक्ष विजयचन्द्र साहले आर्थिक वर्ष २०८२/८३ को भदौसम्मको आय–व्यय विवरण प्रस्तुत गरेका थिए। प्रस्तुत विवरणअनुसार संघको उक्त अवधिको कुल आय–व्यय १० लाख ९७ हजार ३४ रुपैयाँ रहेको जनाइएको छ।

कार्यक्रममा बोल्दै सहभागीहरूले इँटा उद्योग व्यवसायीहरूले पछिल्लो समय भोगिरहेका विभिन्न समस्या तथा चुनौतीबारे चर्चा गरेका थिए । उद्योग सञ्चालनमा देखिएका व्यावसायिक कठिनाइ, उत्पादन तथा बजार व्यवस्थापन, सरकारी नीति तथा व्यवसायीका साझा हितका विषयमा संघले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइएको थियो । नवनिर्वाचित अध्यक्ष ओमप्रकाश यादवले संघलाई थप व्यवस्थित र व्यवसायीमैत्री बनाउँदै बारा–पर्साका इँटा उद्योगी व्यवसायीका साझा समस्या समाधानका लागि सम्बन्धित निकायसँग समन्वय गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले व्यवसायीको हकहित संरक्षणसँगै उद्योग क्षेत्रको विकास र व्यावसायिक वातावरण सुधारका लागि संघले सक्रिय भूमिका निर्वाह गर्ने बताएका छन् । साधारण सभा तथा अधिवेशनमा बारा–पर्सा इँटा उद्योग व्यवसायी संघका सदस्यहरू, प्रहरी तथा सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । नयाँ नेतृत्व सर्वसम्मत चयन भएसँगै बारा–पर्साका इँटा उद्योग व्यवसायीहरूले उद्योग क्षेत्रका साझा समस्या समाधान, व्यवसायीको हकहित संरक्षण तथा सम्बन्धित सरकारी निकायसँग प्रभावकारी समन्वयका लागि संघ थप सक्रिय हुने अपेक्षा गरेका छन्।

# मधेशमा करोडौँको काठ ...

'सप्तरीमा आठ हजार क्युफिट र सर्लाहीमा प्रक्रिया बढेको छ । धनुषामा समेत काठ–दाउरा लिलामीको प्रक्रिया अघि बढेको छ,' यादवले भने, 'विगतमा संघीय वन ऐन र प्रदेशको वन ऐनका कारण काठ लिलाम तथा बिक्री–वितरण अवरुद्ध रहे पनि अहिले बाधा फुकेर बिस्तारै पुराना तथा नयाँ काठ व्यवस्थापन र मूल्यांकन भएर प्रक्रिया अघि बढेको छ।'

उनले मन्त्रालय र निर्देशनालयले पुराना काठ बिक्री–वितरणमा तदारुकता देखाएको दाबी गरे।

मधेश प्रदेशका पूर्व वन कर्मचारी तथा पर्यावरण अभियानकर्मी सुरेश शर्माका अनुसार हरेक वर्ष काठ संकलन तथा वितरण जिल्ला वन पैदावार आपूर्ति समिति, साझेदारी वन व्यवस्थापन समूह, सामुदायिक वन उपभोक्ता समिति र डाँक लिलाममार्फत हुने गर्छ।

उनका अनुसार सामुदायिक वनबाट उत्पादित काठमध्ये उपभोक्ताभित्रै आन्तरिक खपतबाट २५ प्रतिशत आपूर्ति समितिलाई दिने व्यवस्था छ। साझेदारी वनको काठमा ५०/५० प्रतिशत तथा वन कार्यालयको आपूर्ति समिति वा लिलाम बढाबढमार्फत व्यवस्थापन गर्ने प्रावधान रहेको उनले बताए।

तर हरेक वर्ष काठ बिक्री–वितरणका लागि कार्यविधि तथा कार्ययोजना स्वीकृत गराउनुपर्ने प्रक्रियाले ढिलाइ हुने गरेको उनको भनाइ छ।

'हरेक वर्ष कार्यविधि बनाउनुपर्ने भएकाले भदौमा उपभोक्ता समिति, जिल्ला वन, वन निर्देशनालय हुँदै मन्त्रालयसम्म स्वीकृति पाउन समय लाग्छ, जसले गर्दा काठ लिलामी तथा बिक्री–वितरण प्रक्रिया ढिला हुन्छ,' शर्माले भने।

कतिपय काठ मुद्दा प्रक्रियाका कारण पनि लामो समयसम्म रोकिँदा सड्ने गरेको उनले बताए। अदालतमा विचाराधीन मुद्दामा काठ–दाउरा सडेर जाने अवस्था देखिएपछि कतिपय मुद्दामा बेन्चले नै काठ–दाउरा लिलाम गर्न आदेश दिने गरेको भए पनि मुद्दाको किनारा नलागेसम्म बिक्री–वितरणमा रोक लाग्ने गरेको शर्माको भनाइ छ।

मधेश प्रदेशमा काठको ठूलो परिमाण उत्पादन हुने भए पनि त्यसको समयमै व्यवस्थापन नहुँदा वन क्षेत्रमै नष्ट हुने अवस्था रहेको तथ्यांकले देखाउँछ। मधेशमा हाल ७४ लाख ६७ हजार ३२ घनफिट काठ र १ हजार ४ सय ६ चट्टा दाउरा उत्पादन भएकोमा आर्थिक वर्ष २०८२/८३ को मसान्तसम्म ५३ लाख १६ हजार ४५ घनफिट काठ र ८ सय १६ चट्टा दाउरा बिक्री–वितरण भएको छ।

वन निर्देशनालय मधेशका निमित्त कार्यालय प्रमुख तथा वन निर्देशक यादवका अनुसार काठ तथा दाउरा बिक्रीबाट सरकारको खातामा २० करोड ४५ लाख ६२ हजार रुपैयाँ राजस्व संकलन भएको छ। तर बाँकी रहेको ठूलो परिमाणको काठ तथा दाउराको समयमै व्यवस्थापन हुन नसक्दा कुहिने, मक्किने र डढेलोमा जलेर नष्ट हुने जोखिम कायमै छ।

मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०÷८१ अनुसार नेपालको कुल वन क्षेत्रमध्ये मधेश प्रदेशमा ३ दशमलव ९ प्रतिशत अर्थात् २ लाख ३७ हजार ६ सय ३६ हेक्टर वन क्षेत्र रहेको छ। यो मधेश प्रदेशको कुल क्षेत्रफलको २४ दशमलव ७८ प्रतिशत हो।

मधेश प्रदेशमा ५ सय ४९ वटा सामुदायिक वनले ७७ हजार ८ सय ४४ हेक्टर, १७ वटा साझेदारी वनले ४६ हजार १ सय ४४ हेक्टर र ४९ वटा गरिब–विपन्नका लागि कबुलियती वनले २ सय ३७ हेक्टर क्षेत्र ओगटेका छन् । त्यस्तै, १२ वटा धार्मिक वनले १ सय ३३ हेक्टर, एक वन संरक्षण क्षेत्रले ३ सय ६० हेक्टर, एक चक्ला वनले १ हजार ५३ हेक्टर, सरकारद्वारा व्यवस्थित वनले ४८ हजार ९ सय ७४ हेक्टर र निजी वनले ६ सय ८१ हेक्टर क्षेत्र ओगटेका छन्।

वन क्षेत्र सीमित रहेको मधेशमा उपलब्ध काठको समयमै व्यवस्थापन र उपयोग गर्न नसक्दा एकातिर वन पैदावार खेर गइरहेको छ भने अर्कोतिर राज्यले प्राप्त गर्न सक्ने राजस्वसमेत गुमाइरहेको छ। समयमै कटान, संकलन, मूल्यांकन, लिलामी र पारदर्शी बिक्री–वितरणको व्यवस्था गर्न नसक्ने हो भने वन जोगिएको देखिए पनि त्यसबाट प्राप्त हुने आर्थिक तथा सामाजिक लाभ भने नागरिक र राज्य दुवैले गुमाइरहने अवस्था छ।

# मेडिकल कलेज निर्माण नरोकिने प्रतिबद्धता



**मधेशदृष्टि**
**महोत्तरी।**
बर्दिवासस्थित बर्दिवास मेडिकल कलेजको पूर्वाधार निर्माण तथा आयोजनाका आगामी कामलाई प्रभावकारी रूपमा अगाडि बढाउने विषयमा सरोकारवालाबीच छलफल गरिएको छ।

बर्दिवास नगरपालिका–४ स्थित आयोजना निर्माणस्थलमा आयोजित छलफल कार्यक्रममा शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले बर्दिवासमा मेडिकल कलेज निर्माण हुनेमा विश्वस्त रहन आग्रह गरे।

बर्दिवास मेडिकल कलेज निर्माण नहुने भन्दै फैलाइएको अफवाहप्रति असन्तुष्टि जनाउँदै मन्त्री पोखरेलले आयोजना कार्यालय हटाएर काम मन्त्रालय मातहत राख्ने योजना भए पनि अहिले आयोजनाको अवधि नै एक वर्ष थप गरिएको बताए।

'हामीलाई थाहै नभएको कुरा बर्दिवास मेडिकल कलेज बन्दैन रे भन्दै अफवाह फैलाइयो,' उनले भने, 'जबकि हामीले आयोजना मात्रै हटाएर यो कार्य मन्त्रालय मातहत राख्ने योजनामा थियौँ। तर अब आयोजनाको समय पनि एक वर्ष थप गरिएको छ।'

आयोजनाको समय थप भइसकेको र मेडिकल कलेज निर्माणको प्रक्रिया समेत अगाडि बढिरहेकाले बर्दिवासमा मेडिकल कलेज निर्माण हुनेमा ढुक्क रहन उनले आग्रह गरे।

कार्यक्रममा मेडिकल कलेज निर्माणसँग सम्बन्धित पूर्वाधार, आयोजनाको प्रगति, आगामी कार्ययोजना तथा निर्माणका क्रममा देखिएका समस्या र त्यसको समाधानका विषयमा सरोकारवालाबीच छलफल भएको थियो।

मन्त्रीले मेडिकल कलेज निर्माण हुने प्रतिबद्धता जनाएपछि स्थानीयसमेत आयोजना अगाडि बढ्नेमा विश्वस्त देखिएका छन्।

बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालयका प्रमुख देवीप्रसाद सुवेदीले मेडिकल कलेज निर्माणको प्रक्रिया अगाडि बढिसकेको जानकारी दिए।

उनका अनुसार महोत्तरी वन कार्यालयबाट रुख कटानका लागि आवश्यक स्वीकृति लिइसकिएको छ। रुख कटानबापत आवश्यक स्रोतको सुनिश्चितता अर्थ मन्त्रालयले गरिसकेकाले अब छिट्टै रुख कटानको काम सुरु गरिने सुवेदीले बताए।

२०७६ वैशाख १८ गते स्थापना भएको बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यालयका अनुसार ६ सय शय्याको अस्पतालसहित अन्य भौतिक संरचना निर्माणका लागि करिब १० अर्ब रुपैयाँ लागत लाग्ने अनुमान गरिएको छ।

मेडिकल कलेज निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापन, रुख कटान तथा पूर्वाधार निर्माणका काम अगाडि बढेसँगै लामो समयदेखि चर्चामा रहेको बर्दिवास मेडिकल कलेज निर्माणको प्रक्रिया थप स्पष्ट भएको छ।

# अस्पतालबाट पाँच कर्मचारी हटाइए

**मधेशदृष्टि**
**सप्तरी।**
राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको मूल गेटबाहिरै सुत्केरी गराइएको घटनामा अस्पताल प्रशासनले पाँच जना कर्मचारीलाई कामकाजबाट हटाएको छ।

भदौ २५ गते अस्पताल परिसरको मूल गेटबाहिर बबिता पासवानले बच्चा जन्माएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि अस्पताल प्रशासनले घटनाबारे छानबिन अघि बढाउँदै कर्मचारीमाथि कारबाही गरेको हो।

घटनाको छानबिनका लागि अस्पताल तथा सम्बन्धित अन्य निकायबाट छुट्टाछुट्टै समिति गठन गरिएको अस्पताल प्रशासनले जनाएको छ। ती समितिको अन्तिम प्रतिवेदन प्राप्त नभएसम्म तथा अर्को व्यवस्था नभएसम्म पाँच कर्मचारीलाई कामकाजबाट हटाइएको हो।



अस्पतालका निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जितकुमार झाले शुक्रबार पत्र जारी गर्दै स्टाफ नर्स मनीषा कुमारी साह, स्टाफ नर्स सजन चौधरी, कार्यालय सहयोगी रेणु ठाकुर, स्वीपर कृष्णा मेहतर र सुरक्षा गार्ड देवकान्त झालाई कामकाजबाट हटाएका हुन्।

अस्पताल प्रशासनका अनुसार घटनाबारे गठित छानबिन समितिहरूको प्रतिवेदन प्राप्त भएपछि त्यसका आधारमा थप आवश्यक निर्णय लिइनेछ।

# शिक्षामन्त्रीद्वारा राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जनबारे छलफल

**जनकपुरधाम।**
शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ परिमार्जनका लागि मधेश प्रदेश सरकार तथा सरोकारवालासँग छलफल गरेका छन्।

जनकपुरधाममा मन्त्री पोखरेलले मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री मनोजकुमार सिंह, प्रदेश नीति तथा योजना आयोगलगायत सरोकारवालासँग आज छलफल गरी सुझाव तथा पृष्ठपोषण सङ्कलन गरेका हुन्।

मन्त्री पोखरेलले विद्यार्थीलाई केन्द्रमा राखेर राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन गरिने बताए। उनले 'बुक फ्रि फ्राइडे', 'स्किल इन एजुकेसन'जस्ता अवधारणा आगामी शैक्षिकसत्रदेखि कार्यान्वयन गरिने जानकारी दिए।

मन्त्री पोखरेलले राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जनमा तीनै तहका सरकारसँगै साझेदार संस्था, शिक्षक, अभिभावक, उद्यमी, नवप्रवर्तनलगायत सङ्घसंस्थाको सहकार्य र समन्वयलाई बलियो बनाउनुपर्नेमा जोड दिए।

उनले जनकपुरधामसहित धनुषा, महोत्तरी, सिरहा र सप्तरी जिल्लाका सरोकारवालासँग छलफल गर्ने कार्यक्रम रहेको बताए। उनका अनुसार राष्ट्रिय पाठ्यक्रम प्रारूप नयाँ शैक्षिक सत्रदेखि परिवर्तन हुनेछ। पाठ्यपुस्तक भने त्यसपछिको शैक्षिक सत्रदेखि लागू गरिनेछ।



मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री सिंहले तीनै तहका सरकारको समन्वय र सहकार्यमा राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन गरिनुपर्ने बताए।

शिक्षा तथा खेलकुदमन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई कार्यान्वयनमुखी बनाउन शिक्षामन्त्रीको दृष्टिकोणअनुसार ठूलो संख्यामा समुदायमा पुगेर सरोकारवालाको सुझाव सङ्कलन भइरहेको बताए।

सरोकारवालाको पृष्ठपोषण सङ्कलन कार्यक्रममा संस्कृत तथा नैतिक शिक्षा, कृत्रिम बौद्धिकता (एआई), प्राविधिक तथा व्यावसायिक शिक्षा र व्यावहारिक सीपलाई पाठ्यक्रममा प्राथमिकता दिनुपर्ने सुझाव प्राप्त भएको छ।

सहभागीहरूले वर्तमान पाठ्यक्रममा अत्यधिक विषयवस्तु समेटिएको र घोकन्ते प्रकृतिको रहेको जनाउँदै सरल, व्यावहारिक, गतिविधिमूलक तथा स्थानीय परिवेशमा आधारित बनाउनुपर्ने सुझाव दिए।

प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रभावकारी बनाउन सिटीइभीटी र कक्षा ९ देखि १२ सम्म सञ्चालित प्राविधिक धारबीच स्पष्ट समन्वय र समायोजन आवश्यक रहेको सहभागीको भनाइ थियो।

शिक्षा रोजगारमूलक, सीपमूलक तथा बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने खालको हुनुपर्ने उनीहरुको सुझाव छ।

निजी तथा सामुदायिक विद्यालयबीच रहेको शैक्षिक अन्तर न्यूनीकरण, 'बुक फ्रि फ्राइडे' जस्ता गतिविधिमूलक कार्यक्रम सञ्चालन तथा पाठ्यक्रम र पाठ्यपुस्तकबारे शिक्षक र सरोकारवालालाई प्रभावकारी अभिमुखीकरण गर्नुपर्ने सुझाव प्राप्त भएको छ।

सहभागीद्वारा पाठ्यक्रमलाई 'कन्टेक्स्ट– बेस्ड' र 'एक्टिभिटी– बेस्ड' बनाउँदै विश्वव्यापीकरणका आवश्यकता सम्बोधन हुने गरी परिमार्जन गर्न सुझाव दिँदै सातामा दुई दिन बिदा दिने व्यवस्था उपयुक्त रहेको धारणा व्यक्त गरियो।

पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को परिमार्जनका क्रममा प्रदेशस्तरमा सरोकारवालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई समेट्ने जनाएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी तथा प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलले देशभरबाट सुझाव तथा पृष्ठपोषण सङ्कलन गरिरहेको छ।

सातै प्रदेशका २८ जिल्लाबाट सरोकारवालाको सुझाव तथा पृष्ठपोषण सङ्कलनको कार्य भइरहेको छ।

# मधेशी अधिकारका लागि चौधरीको बलिदान स्मरणयोग्य

**मिश्री लाल मधुकर**
**जनकपुरधाम।**
मधेशको दोस्रो आन्दोलनको क्रममा सहिद भएका संजय चौधरीको बलिदानबारे स्मरण गरिएको छ।

'मधेशीको बाटो' संवाद श्रृंखलामा सहिद संजय चौधरी फाउन्डेसन नेपालले गरेको कार्यक्रममा वक्ताहरूले चौधरीको योगदान अमूल्य रहेको बताएका हुन्। मधेशको पहिलो र दोस्रो आन्दोलनमा शहीद चौधरीसहित सैयौं सहिद भएको विषय वक्ताहरुले उठाएका थिए।




वक्ताहरुले भने, 'उनीहरूको एकमात्र उद्देश्य कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र सेनामा मधेशीहरूको समान अधिकार सुनिश्चित गर्नुथियो।'

आन्दोलन स्वर्गीय गजेन्द्र नारायण सिंहले सुरु गरेका थिए। अधिकारको लागि सिंहदरबार घेराबन्दीको क्रममा प्रहरी कारबाहीमा सिंह गम्भीर घाइते भएका थिए। रामजन्म तिवारी, रामचन्द्र मिश्र र अवध किशोर प्रसाद जस्ता मधेशी नेताहरूले मधेशी आन्दोलनको सुरुवात गरेका थिए। राजेन्द्र महतो र हृदयेश त्रिपाठी जस्ता नेताहरूले पनि मधेशी आन्दोलनमा भाग लिएका थिए। तर, सत्ताको खोजीमा मधेशी अधिकार गुम्यो।

उपेन्द्र यादवले पहिलो आन्दोलनको नेतृत्व गरेका थिए, तर तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको आश्वासनपछि आन्दोलन अन्तिम चरणमा स्थगित गरिएको थियो। आम मधेशीहरूले यसलाई भयानक गल्ती भनिरहेका थिए।

सरकारी जागिरमा मधेशी कोटा स्थापना गर्दा मधेशी आन्दोलनलाई फाइदा भयो। गणतन्त्रका राष्ट्रपति र उपराष्ट्रपति मधेशी भए। यो एउटा ठूलो उपलब्धि थियो। मधेशी बालेन्द्र शाह प्रधानमन्त्री हुनु पनि मधेशी आन्दोलन र मधेशी सहिदहरूको योगदान हो। सहिद संजय चौधरी फाउन्डेसन नेपालकी अध्यक्ष ममता चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य शैलकुमारी महतो, डा. विजय कुमार सिंहलगायतको उपस्थिति थियो।

# प्रधानमन्त्रीले राष्ट्रसङ्घीय महासभामा असोज ८ गते सम्बोधन गर्ने

**काठमाडौँ।**
प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभालाई आगामी असोज ८ गते सम्बोधन गर्ने भएका छन्।

महासभाको 'उच्चस्तरीय सामान्य बहस' आगामी असोज ६ देखि १२ गतेसम्म संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा सञ्चालन हुनेछ।

महासभाको सामान्य बहसमा प्रधानमन्त्री शाहले असोज ८ गते सम्बोधन गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

यसपटकको महासभाको नारा 'विश्वास पुनःस्थापना, रूपान्तरणको व्यवस्थापनः सबैका लागि परिणाममुखी संयुक्त राष्ट्रसङ्घ' रहेको छ।

संयुक्त राष्ट्रसङ्घबाट प्राप्त जानकारीअनुसार हालसम्म महासभामा ८१ मुलुकका राष्ट्रप्रमुख र नेपालसहित ५० मुलुकका सरकार प्रमुखहरू सहभागी हुनेछन्।

मन्त्रालयका सचिव अमृतबहादुर राईले नेपालमा गत वर्ष भएको 'जेनजी' आन्दोलन, त्यसपछि भएको सफल निर्वाचन र सोमार्फत प्राप्त जनादेशसहित गठन भएको वर्तमान सरकारका प्राथमिकतालगायतका विषयहरू अन्तरराष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्न ८१औँ महासभा महत्त्वपूर्ण अवसर हुने बताए।

यस विषयमा जानकारी दिन आज यहाँ आयोजित पत्रकार सम्मेलनमा उनले अन्तरराष्ट्रिय सहयोग एवं सद्भावको निरन्तरता र बढोत्तरीका लागि उच्चस्तरबाटै आह्वान गर्नसमेत यो महासभा महत्त्वपूर्ण अवसरका रूपमा रहेको उल्लेख गरे।

भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको विनाशकारी बाढीका कारण नेपालले अपूरणीय क्षति भोग्नुपरेको छ। यसले नेपाल जलवायु सङ्कटको दृष्टिले जोखिममा रहेको पुनर्पुष्टि गरेको छ। 'विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नगन्य योगदान रहे पनि यसका नकारात्मक असरबाट नेपालजस्ता मुलुक सर्वाधिक पीडित हुनुपरेको अवस्था छ,' सचिव राईले भने, 'यस सन्दर्भमा प्रधानमन्त्रीज्यूबाट महासभामा जलवायु परिवर्तन र यसबाट सिर्जित प्रकोपबाट नेपालले बारम्बार भोग्नुपरेको जनधनको क्षतिबारे विश्वसमुदायको ध्यानाकर्षण गराउने विषय प्रस्तुत हुनेछ।'

साथै महासभामा नेपालले नगन्य कार्बन उत्सर्जन गरे तापनि जलवायु परिवर्तनका नकारात्मक असरहरू भोग्नु परिरहेको विषयलाई प्रस्तुत गरिने उनले बताए। यस सन्दर्भमा हानि तथा नोक्सानीको सम्बोधनसम्बन्धी कोषलगायतका निकायबाट तत्कालै र उचित क्षतिपूर्ति प्राप्त गर्नेजस्ता जलवायु न्यायसम्बन्धी विषयमा विश्व समुदायलाई आह्वान गर्ने सरकारको तयारी छ।

नेपालमा जलवायु उत्थानशील पूर्वाधार निर्माण गर्न, जलवायुमैत्री कृषि प्रवद्र्धन गर्न र सरोकारवालाहरूको क्षमता विकास गर्न आवश्यक प्रविधि र जलवायु वित्त सहज र सहुलियतपूर्ण रूपमा उपलब्ध गराउन धनी र विकसित मुलुकहरूलाई सो अवसरमा अपिल गरिने सचिव राईले उल्लेख गरे।

साथै, नेपालले प्रकृतिमैत्री जीवनशैली, ४६ प्रतिशतभन्दा बढी जङ्गल, विशाल हिमालय क्षेत्र र बृहत् नदी प्रणालीमार्फत विश्व वातावरण संरक्षण र प्रवद्र्धनमा पुर्याउँदै आएको योगदानको बारेमा जानकारी गराउने तयारी गरेको छ।

यस महासभामा नेपालले 'सगरमाथादेखि समुद्रसम्मः जलवायु उत्थानशील भविष्य निर्माणका लागि कार्य आह्वान विषयक सहायक कार्यक्रम' आयोजना गर्दैछ। विश्वव्यापी जलवायु परिवर्तनका कारण खासगरी हिमाली क्षेत्रमा परेका नकारात्मक प्रभाव र यसबाट सिर्जित विनासकारी परिणामका बारेमा छलफल गरी विश्व समुदायको ध्यानाकर्षण गर्नु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ।

यसैगरी, परराष्ट्रमन्त्री शिशिर खनाल अतिकम विकसित मुलुकहरू, भूपरिवेष्टित विकासोन्मुख मुलुकहरू, असंलग्न मुलुकहरू, जि–७७ र चाइनालगायतका मन्त्रीस्तरीय बैठकहरूमा सहभागी हुनेछन्। साथै, उनले संयुक्त राष्ट्रसङ्घले आयोजना गरेका अन्य उच्चस्तरीय छलफल तथा साइड इभेन्टहरूलाई पनि सम्बोधन गर्नेछन्। यसका अतिरिक्त परराष्ट्रमन्त्री खनालले छिमेकी मुलुकलगायत विभिन्न मित्रराष्ट्रका समकक्षी तथा संयुक्त राष्ट्रसङ्घका उच्च पदाधिकारीहरूसँग पनि भेटवार्ता गर्ने छन्।

प्रधानमन्त्री शाहको प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार, परराष्ट्र सचिव राईलगायतका उच्चपदस्थ पदाधिकारीहरू सहभागी हुनेछन्।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन